# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, पुस २२ गते २०४७ साल (अतिरिक्ताङ्क ४७

## भाग ३

### श्री ५ को सरकार
### आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगमको सिनामंगलस्थित पेट्रोल रहेको डिपोमा २०४७ साल पौष १८ गते बेलुकी भएको आगलागी सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न देहायबमोजिमका अध्यक्ष र सदस्यहरू भएको पेट्रोल आगलागी छानबिन आयोग गठन गरी सो आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि देहायबमोजिम तोकेको छ ।

(क) आयोगको गठन विधिः–

१. श्री शिवबहादुर थापा, भू. पू. अञ्चल न्यायाधीश – अध्यक्ष
२. महासेनानी श्री दुर्गानाथ अर्याल, शाही नेपाली सेना – सदस्य
३. सि.डि.इ. (मे) श्री विष्णुबहादुर शाह, सडक विभाग – सदस्य
४. फायर सुपरिटेण्ट श्री उमेश ढुंगाना, हवाई विभाग – सदस्य

(ख) आयोगको काम, कर्तव्य र अधिकारः–

२०४७ साल पौष १८ गते बेलुकी भएको आगलागी सम्बन्धमा छानबिन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने र भविष्यमा यस्तो घटना दोहोरिन नदिन के कस्तो उपाय अवलम्बन गर्नु पर्ने हो सोको सुझाव समेतको प्रतिवेदन पेश गर्ने ।

(ग) आयोगको कार्यविधिः–

आयोगले कार्य शुरू गरेको दिनदेखि १५ दिनको हुनेछ ।

आज्ञाले,
हितसिंह श्रेष्ठ
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

735
4846



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।